# भानुभक्त प्राणी उद्यान कार्यालयको अनुरोध

## वन डढेलो तथा आगलागीबाट वन, वन्यजन्तु, जैविक विविधताको संरक्षण गरौं ! !

- सुख्खा मौसममा खुल्ला ठाउँ, खेत बारीमा आगो नबालौँ । आगो बाल्दा होसियार रहौँ र काम सकिएपछि राम्ररी आगो निभाऔँ ।
- वनमा सलाई, लाइटर जस्ता वस्तुहरु प्रयोग नगरौं । सलाई, लाइटर बालबालिकाको पहुँचबाट टाढा राखौं ।
- पेट्रोल, डिजेल, ग्याँस, मट्टितेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारीपूर्वक प्रयोग गरौं ।
- चुरोट, विडी बालेका ठुटा वन जङ्गल तथा झाडी बुट्यान आदी ठाउँमा जथाभावि नफालौं ।
- वन क्षेत्रमा बाटोको दायाँबायाँ तथा अग्नि रेखामा रहेका सुख्खा पात पतिङ्गर हटाई सफा राखौं ।
- पानीको मुहान, पोखरी, ताल, तलैया, दह तथा अन्य सिमसार क्षेत्रको संरक्षण गरौं ।
- गाउँटोलमा आगलागी तथा वन डढेलो रोकथाम बारेमा कुरा गरौं ।
- आफ्ना घरगोठ वरिपरि रहेका आगो लाग्न सक्ने प्रज्वलनशील वस्तुहरु हटाऔं ।
- आगलागी भइहालेमा स्थानीय सुरक्षा निकाय, वन कार्यालयमा खबर गरौं र आफू सुरक्षित भई आगो निभाऔं ।
- वनमा आगो लगाउनु अपराध हो । यस्ता व्यक्तिहरुको पहिचान गरौं र कानुनी कारवाही गर्न सहयोग गरौं ।
- **सावधान :** वनजंगलमा आगो लगाउनेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको विगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम दश हजारभन्दा बढीको विगो भए विगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।



**"वन डढेलो भनेको धन डढेलो हो । हामी सबै मिली वन डढेलो रोकथाम गरी वन र वन्यजन्तुको संरक्षण गरौं"**